मधेश प्रदेश सरकार

अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः १

जनकपुरधाम, नेपाल।

मितिः २०८२/०४/०१

विषयः आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन।

श्रीमान् लेखा उत्तरदायी अधिकृतज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
मुख्यन्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश मन्त्रालय/निकायहरुको निमित्त मधेश प्रदेश संचित कोषबाट खर्च गर्ने अधिकारका लागि संवैधानिक प्रावधान अनुरुप २०८२ असार १ गते प्रदेश सभामा राजश्व र व्ययको अनुमान र २०८२ असार ३१ गते विनियोजन विधेयक पेश भई पारित भईसकेको एवं सो ऐन मधेश प्रदेश सरकारको राजपत्रमा सम्वत् २०८१ सालको ऐन नम्बर २ को रुपमा प्रकाशन समेत भईसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। सोही अनुसार प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (१) र

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः

जनकपुरधाम, नेपाल।

(३) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) प्रविष्टि भएको रकमलाई बजेट खर्च गर्ने अख्तियारी मानी उक्त ऐन प्रारम्भ भएको मितिदेखि आर्थिक वर्ष २०८२/२०८३ का लागि तहाँ अन्तर्गत निकायहरुमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राखे, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी तहाँबाट बहन हुने विश्वास लिइएको छ।

आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन यस मन्त्रालयको मिति २०८२।०४।०१ (मा. मन्त्रीस्तर) को निर्णय अनुसार देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन अनुरोध छ।

अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System - PLMBIS) मा प्रविष्टि भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम मान्नु हुनेछ र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका इकाई कार्यालयहरुले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन रहेको भएमा वा खर्च गर्ने निकाय संशोधन गर्नुपर्ने भएमा २०८२ असोज मसान्त भित्र सम्पूर्ण रकम कार्यान्वयन गर्ने सम्बन्धित निकाय यकीन गरी उपलब्ध गराउनु पर्नेछ र सो को जानकारी अर्थ मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई कार्यालयलाई दिनु हुनेछ।

३. वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको तेस्रो त्रैमासिक सम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८३ बैशाख ७ गतेभित्र अनिवार्य रुपमा अर्थ मन्त्रालयमा समर्पण गर्नुहुनेछ।

कार्यक्रम/आयोजना हस्तान्तरण र कार्यान्वयनः

४. नेपाल सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरण भएका आयोजना/कार्यालय/कार्यक्रमको बजेट तहाँ अन्तर्गत समावेश गरिएको हुँदा मातहत सम्बन्धित निकायहरुलाई अख्तियारी प्रदान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमको लागि मात्र खर्च गर्नु हुनेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा संचालित हुने योजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

समन्वय गर्नुहुनेछ। संघको अनुदान, बैदेशिक सहायता, नेपाल सरकारको ऋण रहेका कार्यक्रमहरुमा स्रोतको रकमको सुनिश्चितता नभई कार्यक्रम कार्यान्वयन गर्नुहुने छैन।

५. स्वीकृत कार्यक्रम भित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट खरिद सम्झौता भई बचत भएको रकमबाट प्रचलित कानून बमोजिम हुने भेरिएशन बाहेक थप खरिद कार्य गर्न पाईने छैन। यसरी बचत हुने रकम अर्थ मन्त्रालयमा समर्पण गर्नु हुनेछ ।

६. विनियोजन ऐन, २०८२ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजित भएको कुनै आयोजना वा कार्यक्रम संघ तथा स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा संघ तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

७. प्रदेश सरकारवाट स्थानीय तहलाई हुने वित्तीय हस्तान्तरण देहाय बमोजिम हुने गरी व्यवस्था मिलाउनु हुनेछ।

(क) प्रदेशले प्रदान गर्ने समानीकरण अनुदान भाद्र १ गते, मंसीर १ गते, फागुन १ गते र जेष्ठ १ गते चार किस्तामा प्रदेश लेखा नियन्त्रक कार्यालय र इकाई कार्यालयबाट प्रदान गरिनेछ। यसरी प्रदान गर्दा सम्बन्धित स्थानीय तहले अघिल्लो अवधिसम्मको वित्तीय प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ख) बुँदा नं. ७ को (क) बमोजिम समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोस्रो किस्ता शुरु अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तको राजस्वको लक्ष्य तथा सङ्कलनको अनुपातको आधारमा र चौथो किस्ता चैत्र मसान्तको राजस्वको लक्ष्य तथा सङ्कलन भएको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ।

(ग) मधेश प्रदेश आर्थिक ऐन बमोजिम स्थानीय तहले संकलन गरी बाँडफाँट गर्नु पर्ने नदीजन्य पदार्थ, दहत्तर बहत्तर, मनोरञ्जन कर र विज्ञापन कर बाँडफाँट गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश सरकारवाट स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का राख्न सकिनेछ ।

८. विषयगत मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको अद्यावधिक अभिलेख राख्नु हुनेछ। विनियोजन ऐन, २०८२ बमोजिम स्थानीय तहले सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका कार्यक्रम वा

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

आयोजना कार्यान्वयन गर्दा हस्तान्तरण भएको रकम अपर्याप्त भई थप रकम आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण हुदाँका बखतका साविकको सुरु सम्झौता बमोजिमको दायित्व, रकम माग गरेको दिनसम्मको खर्च र आयोजना सम्पन्न हुने मिति सहित त्यस्तो कार्यक्रम/आयोजनाको कार्य प्रगतिको आधारमा मात्र सम्बन्धित मन्त्रालय मार्फत थप रकम माग आउने व्यवस्था मिलाउनु हुनेछ।

९. स्थानीय तहले सशर्त, विशेष र समपुरक अनुदान वापत हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमको भौतिक तथा खर्च भएको रकमको प्रगति विवरण अवधि समाप्त भएको १५ दिनभित्र र बार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१०. विनियोजन ऐन, २०८२ अनुसार कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कुनै नयाँ ऐन तर्जुमा गर्नुपर्ने वा विद्यमान ऐन संशोधन गर्नुपर्ने भएमा ऐनको मस्यौदा असोज मसान्तसम्म प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरी सक्ने व्यवस्था मिलाउनु हुनेछ।

११. विनियोजन ऐन, २०८२ अनुसार स्वीकृत कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि/मापदण्ड आवश्यक पर्ने भएमा प्रदेश सरकार अर्थ मन्त्रालय र गृह, सञ्चार तथा कानून मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि/मापदण्ड बनाउनु हुनेछ। सो कार्यविधि स्वीकृत भएको ७ दिनभित्र वेवसाइटमा राख्नु हुनेछ।

१२. स्वीकृत बार्षिक कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजना सहित आवश्यक दरबन्दीहरु प्रचलित कानून अनुसार स्वीकृत गराएर मात्र कार्यान्वयनमा लैजानु हुनेछ।

१३. आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनु हुनेछ।

१४. त्रुटिपूर्ण डिजाइन र स्पेशिफिकेशन तयार गरी अस्वभाविक दायित्व सिर्जना गर्ने व्यक्तिलाई कानून बमोजिम जवाफदेही बनाउनु हुनेछ।

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

१५. बजेटको प्रभावकारी कार्यान्वयनका लागि बजेटमा समावेश भएका कार्यक्रमहरुको समय सीमा सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना भाद्र मसान्तभित्र अनिवार्य रुपमा स्वीकृत गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१६. सार्वजनिक निर्माण तर्फका आयोजना कार्यान्वयनका लागि दोस्रो त्रैमासिकसम्म सम्झौता नभएका आयोजना कार्यान्वयन गर्नु हुनेछैन। त्यस्तो आयोजना कार्यान्वयन गर्नै पर्ने भएमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई मात्र कार्यान्वय गर्नुहुनेछ।

१७. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा पछिल्ला वर्षहरुको स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयको पूर्व सहमति अनिवार्य लिनु हुनेछ।

१८. आर्थिक वर्ष २०८२/८३ का बजेटमा समावेश भएका नयाँ कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा सो आयोजनामा संघ र स्थानीय तहबाट बजेट विनियोजन भए/नभएको यकिन गरी दोहोरो नपर्ने गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१९. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यस्थाको पालना गर्नु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरू गरिएका खरिद प्रकृया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि अर्थ मन्त्रालयबाट थप निकासा, रकमान्तर, स्रोतान्तर गरिने छैन।

२०. स्रोत सुनिश्चितताका लागि माग गर्नुपर्दा प्रक्रिया पूरा गरी आगामी वर्षहरुको लागि आवश्यक पर्ने रकम मध्यकालीन खर्च संरचनाको सीमा भित्र रहने गरी गर्न सकिने हुन्छ। यस सम्वन्धमा प्रचलित आर्थिक कार्यविधि कानूनमा आधारित भई प्रस्तावहरु गर्नुपर्ने विषयमा ध्यान दिनुहुनेछ।

२१. प्रथम त्रैमासिक अवधिसम्म विनियोजन ऐनमा भएको प्रावधान अनुसार गर्नुपर्ने विषय बाहेक अन्य कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन गरिने छैन।

२२. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरु प्रचलित कानुनमा तोकिएको न्यूनतम समय सीमा भित्र सम्पन्न गर्नु हुनेछ।

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

२३. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्वन्धी निर्देशिका, २०८१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२४. विनियोजित बजेटको सीमा भित्र रही प्रचलित आर्थिक कार्यविधि कानून र खरिद कानूनको पूर्ण पालना गरी कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

२५. भवन निर्माणको लागि विनियोजन भएको रकमबाट सरकारी स्वामित्वको जग्गामा मात्र निर्माण कार्य गर्नु हुनेछ।

बजेट खर्च, रकमान्तर,कार्यक्रम संशोधन तथा प्रतिवेदन:

२६. स्वीकृत वार्षिक कार्यक्रमको त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु हुनेछ। यसरी नियमानुसार कार्यक्रम संशोधन गर्नु परेमा विनियोजन ऐन, २०८२ को अधीनमा रही कार्यक्रम संशोधन प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडी बढाउनु हुनेछ।

२७. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु हुनेछ। साथै सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वातपको रकम भुक्तानी गर्नु हुनेछ।

२८. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं. १६४ बमोजिम प्रदेश सरकारका कर्मचारीहरुको लागि सम्वत् २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी मँहगी भत्ता बापत मासिक पाँच हजार रुपैया भूक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२९. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेरमात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार

अर्थ मन्त्रालय

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

जनकपुरधाम, नेपाल।

३०. चालु एवं अनिवार्य दायित्वका लागि पर्याप्त वजेट विनियोजन भएकै छ। सो अनुसार मासिक नगद प्रवाह योजना तयार गरी बर्षभरीका लागि श्रोतको प्रबन्ध गर्नु गराउनु हुनेछ।

३१. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका आयोजना/कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु हुने छैन र स्वीकृत नभएका कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन।

३२. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण त्रैमासिक अवधि समाप्त भएको ७ गते भित्र अर्थ मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु हुनेछ।

३३. पानी, विजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवाशुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्यिता अपनाई खर्च गर्नु हुनेछ। आवश्यक्ता र औचित्यका आधारमामात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

३४. बहुवर्षिय खरिद प्रक्रिया पूरा गरी कार्यान्वयनमा रहेका आयोजनाहरु बाहेक तपसिलमा उल्लेखित खर्च शीर्षकहरुमा विनियोजित बजेट खर्च गर्न आवश्यक भएमा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रावधानमा आधारित भई खरिद योजना तयार गरी अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्चका लागि प्रक्रिया शुरु गर्नु हुनेछ। यसरी स्वीकृति बेगर दायित्व सिर्जना भएमा सोको जिम्मेबार सम्वन्धित लेखाउत्तरदायी अधिकृत रहनुहुनेछ।

(क) ३१११२ — गैर आवासीय भवन खरिद
(ख) ३११२१ — सवारी साधन
(ग) ३११२२ — मेसिनरी तथा औजार
(घ) ३११२३ — फर्निचर तथा फिक्चर्स
(ङ) ३११३५ — पूँजीगत परामर्श
(च) ३११७२ — पूर्जीगत अनुसन्धान तथा परामर्श
(छ) ३१५११ — भैपरी आउने पूर्जीगत

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार

अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार अर्थ मन्त्रालय जनकपुरधाम, नेपाल

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः

जनकपुरधाम, नेपाल।

३५. कानूनले सुविधा दिएको पदाधिकारी/ कर्मचारीलाई मात्र सवारी साधन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

३६. मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन लगायत जिन्सी मालसामान लिलाम बिक्री गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु हुनेछ।

३७. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्दा विषयसँग सम्बन्धित संघीय तथा प्रदेशका अन्य मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी दोहोरो नपर्ने गरी एकीकृत रुपमा संचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी खर्चमा कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम/आयोजना सञ्चालन गर्नुपर्नेछ। यस प्रकारका क्षमता विकासका कार्यहरु आर्थिक वर्षको पहिलो र दोश्रो त्रैमासिक अवधिमा सम्पन्न गर्ने गरी कार्ययोजना तयार गरी गर्नु/गराउनु हुनेछ।

३८. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोगको विषयलाई प्राथमिकता दिई कार्यसम्पादन गरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृतिलाई निरुत्साहित गर्नु हुनेछ।

३९. संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु परेमा विद्यमान संरचनालाई छरितो र कामकाजी बनाई चालु खर्चमा कटौती गर्नु हुनेछ। संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पूर्व अर्थ मन्त्रालयको सहमति प्राप्त गर्नु हुनेछ। लेखा समूहको दरबन्दी थपघट हुने भएमा अनिवार्य रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयको परामर्श लिनु हुनेछ।

४०. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिने प्रावधानको पालना गर्नुहुनेछ। यसरी पूर्व सहमति माग गर्दा प्रदेशको संचित कोषको अवस्था, आर्थिक दायित्वको मागको औचित्य र मितव्ययिताको पक्षलाई ध्यान दिनु हुनेछ। सहमति बिना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा अर्थ मन्त्रालय जिम्मेवार हुनेछैन।

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार

अर्थ मन्त्रालय

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः

मधेश प्रदेश सरकार अर्थ मन्त्रालय जनकपुरधाम, नेपाल

जनकपुरधाम, नेपाल।

४१. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाईमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२. बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ। बेरुजु फछ्र्यौटको कार्य दरवन्दी भित्रका जनशक्तिबाट सम्पन्न गराउनु हुनेछ र सोका लागि करारमा थप जनशक्ति लिनु हुनेछैन।

वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्थाः

४३. निर्माण कार्य स्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिणाम वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ।

४४. राजस्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्यूटराइज्ड प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु हुनेछ।

४५. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

४६. प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिकाहरुको अक्षरशः कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४७. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (PAN) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई भुक्तानी गर्दा तथा तलब भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम सञ्चालन गर्नका लागि दिइने पेश्कीहरुको समेत अनिवार्य रुपमा स्थायी लेखा नं. (PAN) उल्लेख गरी भुक्तानी गर्ने र स्थायी लेखा नं. को प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुहुनेछ।

४८. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर र पारिश्रमिक कर अग्रीम रुपमा कट्टा गरी दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ।

राम कुमार महतो
प्रदेश सचिव
अर्थ मन्त्रालय

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः

जनकपुरधाम, नेपाल।

४९. आयोजना वा कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आवद्ध गरी वृत्ति विकास एवम् पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ। बजेटमा स्वीकृत कार्यक्रम, पूर्वाधार विकास तथा आयोजनाहरुको सञ्चालन तथा कार्यान्वयनको कार्यलाई गुणस्तरीय रूपमा समयमै सम्पन्न गराउन नियमित अनुगमन तथा मूल्याङ्कन गर्न तथा आवश्यक निर्देशन दिनुहुनेछ।

५०. आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन मासिक प्रगति विवरण तालुक निकायमा पेश गर्ने र अनुगमन गर्ने व्यवस्थाका साथै ठेक्का मूल्याङ्कनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रुपमा रहने व्यवस्था मिलाउनु हुनेछ।

५१. अर्थ मन्त्रालयले बजेट कार्यान्वयनको स्थिति र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको निरन्तर अनुगमन गर्नेछ। यस सन्दर्भमा बजेट वक्तव्यको आफ्नो निकायसँग सम्बन्धित बुँदाहरुको मासिक प्रगति विवरण समयमै पठाउने व्यवस्था मिलाउनु हुनेछ।

प्रदेशको आर्थिक कार्य प्रणालीलाई विधिसम्मत, अनुशासित, मितव्ययी र परिणाममुखी बनाउन थप सहयोगको अपेक्षा गरिएको छ। साथै, आर्थिक वर्ष २०८२/८३ को बजेटसँग सम्बन्धित सम्पूर्ण प्रकाशनहरू यस मन्त्रालयको **website: <u>www.mof.madhesh.gov.np</u>** मा हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

....
राम कुमार महतो
प्रदेश सचिव

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौं।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठामाडौं।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री स्थानीय तह सबै, मधेश प्रदेश।